नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

☎ ०१-५९०६१७६
०१-५९०६१७८
०१-५९०६१८०
०१-५९०६१८२
०१-५९०६१८६

पत्र संख्याः
चलनी नं.:

मिति: ०७८/७/५

माननीय मन्त्री ज्यू
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
सिंहदरवार

**विषयः वर्षा, बाढी र डुवान पीडित किसानलाई प्रदान गरिने राहत प्याकेज**

विगत केही दिनयता देशका विभिन्न जिल्लाहरुमा परेको अविरल बर्षा, बाढी र डुवानका कारण ठुलोमात्रामा धनजनको क्षति भएको छ । बाढी, वर्षा र डुवानले किसानको उत्पादन, उत्पादन फार्महरु र हजारौ हेक्टर खेतियोग्य जमीन र वाली नष्ट भएको छ । धानबाली मुलुकको एक प्रमुख खाद्यवाली हो । यसले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान गर्दै आएको छ । यसवर्ष समयमै मनसुन भएका कारण धान उत्पादन बढ्ने अपेक्षा गरिएको थियो । अपेक्षित हिसावले उत्पादन पनि भएको हो ।

तर बाढी, वर्षा र डुवानले भित्र्याउन लागेको धान ठुलो पैमानामा खेतमै नष्ट भएको छ । यसबाट मुलुकभरका किसानले ज्यादै ठुलो क्षति व्यहोर्नु परेको छ । धान थन्काउने वेलाको वेमौसमी वर्षाले खेतमा काटेर राखेको धान वा काट्ने अवस्थामा रहेको धानमा ठुलो नोक्सानी भएको छ । वर्षभरी खान र घर व्यवहार धान्ने अन्नको रुपमा रहेको धान खेतमै सड्ने अवस्था आएकाले किसानहरु ज्यादै चिन्तित छन् । धान थन्काउन समयमा अप्रत्याशित रुपमा भएको अविरल बर्षा, बाढी र डुवानले किसानसमेत मुलुकको अर्थतन्त्रले नै भारी मात्रामा क्षति व्यहोर्नु परेको छ । मुलुकको प्रमुख खाद्यवालीको रुपमा रहेको धानमा भएको यस प्रकारको क्षतिले खाद्य सुरक्षामा समेत आँच आउन सक्ने स्थिति नरहला भन्न सकिन्न ।

राष्ट्रिय किसान आयोग वर्षा, बाढी र डुवानबाट प्रभावित किसानको उद्धार र राहत कार्यलाई यथाशिघ्र प्रभावकारी ढंगले सम्पन्न गर्न नेपाल सरकारलाई हार्दिक अनुरोध र अपील गर्दै निम्न **राहत प्याकेज**को प्रस्ताव अगाडि सारेको व्यहोरा अनुरोध गर्दछ ।

**१ राहत, उद्धार र पुर्नस्थापना**

वर्षा, बाढी र डुवानबाट प्रभावित कृषकहरुलाई खाद्यान्न वितरण, दैनिक घर ब्यवहार खर्च, घर टहरा निर्माण, घर खेत बगाएका किसानलाई अस्थाई बसोवासको ब्यवस्था समेत गरी पीडित किसानहरुलाई उद्धार, राहत र पुनर्स्थापना गरिनु पर्दछ ।



O/C

इमेलः nfcnepal2017@gmail.com nfcnepal@nfc.gov.np वेबसाइट

२. क्षतिपूर्ति

वर्षा, बाढी र डुवानले कृषिक्षेत्रमा पारेको क्षतिको यकिन तथ्याङ्क संकलन गर्ने कार्य यथाशीघ्र सम्पन्न गरि प्रभावित कृषकको नष्ट भएको धान, अन्य कृषिवाली तथा पशुपंक्षीमा भएको क्षतिको आधारमा उपयुक्त र न्यायोचि क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ ।

**२. कर्जा मिनाहा**

वर्षा बाढी र डुवानबाट प्रभावित कृषकलाई राहत स्वरुप उनीहरुले बैंकबाट लिएको ऋणमा साना किसानको सम्पूर्ण कर्जा मिनाहा र ठुला किसानको ब्याज मिनाहा एवं किस्ता तिर्नु पर्ने अवधिलाई लम्ब्याउन व्यवस्था गरिनु पर्दछ ।

**३. सहुलियत दरको कृषि कर्जाको उपलब्धता**

वर्षा, बाढी र डुवानबाट प्रभावित कृषकलाई सहुलियत दरको कृषि कर्जा उपलब्ध गराईनु पर्दछ । साना किसानलाई निर्ब्याजी वा बढीमा १-२ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउने । मध्यम तथा ठुला किसानलाई पनि सोही व्याजदरमा कृषिकर्जा उपलब्ध गराइनु पर्दछ ।

**४. उत्पादन सामाग्रीहरुको उपलब्धता**

क) वर्षा, बाढी र डुवानबाट प्रभावित कृषकहरुलाई आगामी अवधिमा लगाइने बालीहरुको लागि आवश्यक पर्ने मल र बिउ निशुल्क उपलब्ध गराइनु पर्दछ ।

ख) कृषिजन्य उत्पादनमा प्रयोग हुने र सिचाईमा प्रयोग हुने विद्युत महशुल छुट गरिनु पर्दछ ।

ग) अब उप्रान्त लगाईने सम्पूर्ण कृषिवालिहरुको विमाको व्यवस्था अनिवार्य रुपले प्रभावकारी ढंगले लागू गरिनु पर्दछ ।

घ) कृषि सूचना प्रणालिमा कृषकहरुलाई आवद्धगरि कृषिसँगसम्वन्धी सम्पूर्ण सूचना तत्काल प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ । मौसम पूर्वअनुमानलाई अझ बढी प्रभावकारी र भरपर्दो बनाई किसानले विश्वास गर्ने अवस्था सिर्जना गरिनु पर्दछ । यसरी अगामी दिनमा कृषिवालिको थप क्षति हुनवाट रोक्न सकिन्छ ।

**५. उत्पादनमा आधारित अनुदान प्रणालीलाई कार्यान्वयन**

उत्पादनमा आधारित अनुदान प्रणालीलाई आगामि दिनमा प्रभावकारी रुपले कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन जरुरी छ ।

## ६. धानको समर्थन मूल्यको प्रभावकारी कार्यन्वयन

धानको घोषित समर्थन मूल्यको प्रभावकारी कार्यन्यवनका लागि निम्न बमोजिमका कार्यहरु अबिलम्ब गरिनु पर्दछः

क) धान बाली मुलुकको एक प्रमुख खाद्यवाली हो । यसले कुल गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान गर्दछ । धान उत्पादक किसानलाई प्रोत्साहन गर्ने हेतुले यो वर्षका लागि नेपाल सरकारले धानको समर्थन मूल्यको समेत घोषणा गरिसकेको छ । घोषितमूल्य अनुसार मोटा धान प्रति क्वीन्टल रु २७५२/- र मध्यम धानको प्रति क्वीन्टल रु २९०२/- रहेको छ ।

ख) विगत वर्षहरुमा पनि राज्यले समर्थन मूल्यको घोषणा गर्ने तर त्यसको प्रभावकारी कार्यान्वियन नभएको अवस्था पुनः यसवर्ष पनि पुनरावृति त हुने हैन भन्ने चिन्ता आम किसानमा देखिएको छ । त्यसैले घोषणा गरिएको समर्थन मूल्यमा अभिलम्व धान खरिदको प्रक्रिया आरम्भ गरी समर्थन मूल्यको प्रभावकारी कार्यान्वियन गर्न गराउन जरुरी छ । यसका लागि मजवुत संयन्त्र बनाई कार्यान्वियन गरिनु पर्दछ ।

ग) चालु आर्थिक वर्षका लागि आवश्यक पर्ने खाद्यान्नको समयमै चाँजोपाँजो मिलाई खाद्यसुरक्षा कायम गर्न ध्यान दिन जरुरी छ । यसका लागि राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य बैंकलाई पनि कार्यान्वियनमा लान जरुरी छ ।

घ) नेपाल भारत खुल्ला सिमानामा हुने गरेको कृषिजन्य उत्पादनको अवैधानिक आयात, न्यून विजिकीकरण र चोरी निकाशीलाई कडाइका साथ नियन्त्रण गरी स्थानीय बजारको संरक्षण गरिनु पर्दछ । यसरीमात्र धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वियन गर्न गराउन समेत सकिन्छ ।

## ७. एकद्धार प्रणालीका आधारमा राहत वितरण

विपदका बेलामा राहत कहिँ पुग्दै नपुग्ने र कहिँ पटक पटक पुग्ने, कुन कुन संघ/संस्थाहरुले कसरी सहयोग गरिरहेका छन त्यसको विवरण राखी एकद्धार प्रणाली अनुरुप जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत गरिनु पर्दछ ।

## ८. अतिआवश्यक सेवा अवलिम्ब सुचारु

बाढी पहिरो र डुबान वाट क्षती पुगेका सडक, सञ्चार, खानेपानी, विद्युतसमेत अतिआवश्यक सेवा अवलिम्ब सुचारु गरिनु पर्दछ ।

## ९. क्षतिभएको जमनिको ब्यवस्थापन

वर्षा, बाढी र डुवानबाट प्रभावित किसानहरुको जमीन उकास, निकास र विकास गरी खोतियोग्य जमीनको रुपमा विकास गरिनु पर्दछ ।

## १०. विश्व समुदायसंग अपिल

हालै भएको अविरल वर्षा जलवायु परिवर्तनका कारणले भएको हो । त्यसैले मुलुकले जलवायुजन्य विपदसंग जुध्न अनुकुलनका कार्यक्रम संचालन गर्ने र क्षतीपूर्ती प्राप्त गर्न विश्व समुदायसंग अपिल गरिनु पर्दछ र निकट भविष्यमा वेलायतको ग्लास्गोमा हुन लागेको जलवायू सम्मेलन (कोप-२६) मा नेपालले जलवायू परिवर्तनको विषयलाई प्रमुखताका उठाउनु पर्दछ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष